बैठक संख्या: 62 मिति: २०८३/०१/२८ समय: बिहान १०:४५ बजे

आज मिति २०८३/०१/२८ गते गुर्भा गाउँपालिकाको कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री टोप बहादुर बि.सी. ज्युको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी तपसिलका प्रस्तावहरुमा छलफल गरि देहायका निर्णयहरु पारित गरियो ।

तपसिल

१. श्री टोप बहादुर बि.सी. - गाउँपालिका अध्यक्ष
२. श्री शिवा कुमारी खड्का - गाउँपालिका उपाध्यक्ष
३. श्री धर्म बहादुर रावल - वडा अध्यक्ष, वडा नं. १
४. श्री शेर बहादुर रावल - वडा अध्यक्ष, वडा नं. २
५. श्री काशिराम शर्मा - वडा अध्यक्ष, वडा नं. ३
६. श्री खड्क बहादुर शाही - वडा अध्यक्ष, वडा नं. ४
७. श्री भुपेन्द्र बहादुर चन्द - वडा अध्यक्ष, वडा नं. ५
८. श्री चन्द्र बहादुर राना - वडा अध्यक्ष, वडा नं. ६
९. श्री नन्द बहादुर बि.सी. - वडा अध्यक्ष, वडा नं. ७
१०. श्री दीपेन्द्र बली - वडा अध्यक्ष, वडा नं. ८
११. श्री अमृता कुमारी बि.सी. - सदस्य
१२. श्री बिर्मा बि.क. - सदस्य
१३. श्री कुल बिर बि.क. - सदस्य
१४. श्री सम्झना कुमारी बुढा - सदस्य
१५. श्री पम्फी बि.क. - सदस्य
१६. श्री भुमिसरा बली - सदस्य
१७. श्री डिनायट घर्ती - सचिव, प्रमुख प्रशासकीय अधिकृत

सहयोगी कर्मचारी

१. शाखा अधिकृत श्री मदन प्रकाश मल्ल
२. प्रशासकीय अधिकृत श्री नमिता कुमारी शर्मा
३. बरिष्ठ प्रशासन सहायक श्री खेमराज उपाध्याय

**प्रस्तावहरु**

१. आकस्मिक बैठकको औचित्यता तथा जानकारि सम्बन्धमा।

२. अदालतमा दायर मुद्दाका सम्बन्धमा।

३. प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था/कारवाही सम्बन्धमा।

४. संघिय सरकारका परिपत्र कार्यान्वयन सम्बन्धमा।

५. कृषि अनुदानको सांझेदारी रकम असुलउपर गर्ने सम्बन्धमा।

६. शिक्षा समितिको बैठक निर्णय कार्यान्वयन सम्बन्धमा।

७. स्वास्थ्य चौकी लालिकाँडाको जग्गा प्राप्ती सम्बन्धमा।

८. का.पा. बैठक माइन्युट उपलब्ध गराउनका लागि अदालतमा अनुरोध गर्ने सम्बन्धमा।

९. सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्थापन तथा कार्यालय/बैंक कर्मचारीको भ्रमण भत्ता सम्बन्धमा।

१०. विविध

(क) सार्वजनिक जग्गा, ऐलानी तथा वन क्षेत्र समेतको नाप नक्साङ्कन र विवरण माग सम्बन्धमा।

(ख) दैलेख जिल्ला अदालतमा दायर भएको मुद्दाको मिसिल प्रतिलिपि कागजात ल्याउने सम्बन्धमा।

(ग) मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रमका आयोजना छनोट तथा सिफारिस सम्बन्धमा।

**निर्णयहरु:**

**निर्णय नं. १)**

प्रस्ताव नं. १ माथि छलफल गर्दा गुराँस गाउँपालिका, गाउँ कार्यपालिकाको आकस्मिक बैठक आह्वान गर्नुको कारण र गाउँ कार्यपालिकाको कार्यालयमा पछिल्लो पटक उत्पन्न परिस्थितिको सन्दर्भमा गाउँपालिकाका अध्यक्ष श्री टोपबहादुर विसीज्यूबाट बैठकमा अवगत गराइयो । केही अघिल्ला निर्णय र कार्ययोजना अनुसार कार्यक्रमको कार्यान्वयन नभएका, संघ र प्रदेश सरकारबाट प्राप्त परिपत्र, पालिकामा भएका गतिविधि र नियमित कामकाज, अदालतमा विचाराधिन मुद्दा एवं अदालतको आदेशको अवज्ञा, महालेखाको समपरीक्षण, अख्तियारसँग सम्बन्धित सन्दर्भ, बजेट कार्यान्वयन लगायतका समग्र विषय र विशेष गरि यही वैशाष २१ गते प्रदेश कार्यालयमा पेश गर्ने सशर्त अनुदान तर्फका योजना पठाउने अन्तिम म्याद हुँदा प्रमुख प्रशासकीय अधिकृत श्री डिनायट घर्ती धेरै ढिला गरि र प्राविधिक शाखा प्रमुख इन्जिनियर श्री तिर्थराज कँडेल लगायत केही कर्मचारी कार्यालयमा अनुपस्थित रहेको विषयमा दोहोरो कुराकानी संवाद र कार्यसम्पादनका विषयलाई लिएर सामान्य तनावलाई प्रमुख प्रशासकीय अधिकृतले सामाजिक सञ्जाल लगायत विभिन्न माध्यमबाट प्रचारवाजी भए पछि अध्यक्षज्यूबाट मागिएको स्पष्टिकरण र कारवाही प्रक्रिया बारे कार्यपालिका बैठकलाई

गुराँस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रानीमत्ता, दैलेख कर्णाली प्रदेश नेपाल

जानकारी गराइयो। साथै गा.पा. अध्यक्ष/पालिका माथि लगाइएको आरोप निराधार तथा कपोलकल्पित रहेकोले खण्डन गर्ने र अध्यक्षज्यू द्वारा जारी भएको विज्ञप्ती/स्पष्टिकरण लगायतका सबै प्रक्रियालाई कार्यपालिकाले ग्रहण गरि अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. २)

प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालय र गाउँ कार्यपालिकालाई विपक्षी बनाई दैलेख जिल्ला अदालत (मुद्दा नं. ०८१-CP-०१४४), उच्च अदालत सुर्खेत (मुद्दा नं. ०८२-WO-००४४) र सर्वोच्च अदालत(रिट नं. ०८२-WO-१२३०) मा दायर रिट निवेदनको कानूनी प्रतिरक्षाका लागि यस अघि तोकिएका पालिकाका कानूनी सल्लाहकार एवं आवश्यक कानून व्यवसायीहरुसँग समन्वय एवं परामर्श र नियुक्त गर्न गाउँपालिकाको तर्फबाट गा.पा. अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

निर्णय नं. ३)

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यसै बैठकको प्रस्ताव नं. १ मा छलफल भए बमोजिम प्रमुख प्रशासकीय अधिकृत श्री डिनायट घर्तीलाई मिति २०८३/०१/२३ र २४ गते पहिलो पटक ६ बुँदे र दोस्रो पटक १२ बुँदे स्पष्टिकरणको माग गरेकोमा जिम्मेवारी पूर्वक जवाफ नदिई उल्टै विवाद र आरोप प्रत्यारोपमा सामाजिक सञ्जाल लगायत विभिन्न ढंगले मिडियावाजी गरेकोमा निजले पदिय मर्यादा विपरित काम गरेको, स्थानीय सेवा ऐन, २०७४ को दफा १६(४) र दफा ८४(२) बमोजिम काम नगरेको ठहर गरि निजलाई निजामती सेवा ऐन, २०४९, निजामती कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५ र न्याय प्रशासन सेवा ऐन, २०७३ बमोजिम प्रमुख प्रशासकीय अधिकृत श्री डिनायट घर्ती (कर्मचारी संकेत नं. २१७६९३)लाई विभागिय कारवाही गर्न सिफारिस गर्ने निर्णय गरियो। यस उप्रान्त निजलाई निलम्बन गरि बाँकी कारवाही प्रक्रिया अगाढी बढाउन गा.पा. अध्यक्षलाई अख्तियारि दिदै गाउँपालिकाको नियमित प्रशासनिक कामकाज र सेवा प्रवाहमा बाधा पुग्ने भएको हुँदा यथासिघ्र प्रमुख प्रशासकीय अधिकृत खटाइ दिन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने र आवश्यक समन्वयका लागि गांउँपालिका अध्यक्ष श्री टोप वहादुर वि.सी.ज्यूलाई जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं. ४)

प्रस्ताव नं. ४ माथि छलफल गर्दा संघ सरकारबाट स्थानीय तहमार्फत कार्यान्वयन गर्नका लागि विभिन्न मितिमा तपसिल बमोजिम प्राप्त परिपत्रहरुको यथासिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल

| सि.न. | पत्रको मिति | च. न. | पत्र पठाउने निकाय | पत्रको विषय | कार्यान्वयन मिति | कैफियत |
|---|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | २०८३/०१/१० | | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | भूमि प्रशासन सम्बन्धी सेवाहरु स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धमा | १ हप्ता भित्र | |
| २ | २०८३/०१/१० | ७४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा) | विधुतीय हाजिर अनिवार्य गर्ने सम्बन्धमा | १ हप्ता भित्र | |
| ३ | २०८३/०१/१७ | ४१२ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने/गराउने सम्बन्धमा | १ महिना भित्र | |

**निर्णय नं. ५)**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०७४/०७५ मा साझेदारी व्यवसाय संचालन गर्ने गरी गाउँपालिका र विभिन्न फर्महरुबिच सम्झौता भई वितरण गरिएको साझेदारी रकम सम्झौता वमोजिम फिर्ता नगर्ने व्यक्ति/फर्म/संस्थाको चल अचल सम्पति यस अघि नै रोक्का गरेकोमा हालसम्म पनि फरफारक नभएकाहरुको हकमा नियमानुसार असुली कार्य कडाइका साथ अगाडी बढाउने। फरफारक भएकाको हकमा रोक्का रहेको चल अचल सम्पति फुकुवाका लागि लेखि पठाउने निर्णय गरियो। साथै च. नं. १३०८, मिति २०८३/०१/०३ गतेको साझेदारी सम्झौता रकम जम्मा गर्ने सम्वन्धी सूचना जारी भएकोमा सम्झौता पत्र बमोजिमको रकम फिर्ता नगर्ने व्यक्ति/फर्म/संस्थालाई गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधा समेत रोक्का गर्ने सहितको थप कारवाही सम्बन्धी ३५ (पैंतीस) दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६)**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गुराँस गाउँ शिक्षा समिति र गाउँ कार्यपालिकाको बैठकले गरेका निर्णयहरु कार्यान्वयन तथा एक शैक्षिक शत्रको अन्त्य र अर्को शैक्षिक शत्रको प्रारम्भमा गर्नु पर्ने काममा समेत वेवास्ता हुँदा शैक्षिक क्षेत्र व्यवस्थापनको कार्यमा गम्भिर असर परेको हुँदा सो सम्बन्धमा शिक्षा शाखा प्रमुख, प्रमुख शिक्षा अधिकृत श्री भुपेन्द्र भण्डारीलाई स्पष्टिकरण सोध्ने निर्णय गरियो। साथै SEE नतिजा प्रकाशनको चरणमा रहेकोले नतिजा प्रकाशन भएको २ (दुई) दिन भित्र पालिका अन्तर्गतका विद्यालयहरुको नतिजा (विषयगत समेत) तयार गरि पेश गर्नका लागि शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७)**

CamScanner

निर्णय नं. ७)

प्रस्ताव नं. ७ माथि छलफल गर्दा गुराँस गाउँपालिका वडा नं. ७ स्थित तालिकाँडा स्वास्थ्य चौकीको जग्गा प्राप्तिको सम्बन्धमा ऐ गुराँस गाउँपालिका वडा नं ७ निवासी श्री नर बहादुर खत्रीको श्रीमति श्री बाल कुमारी खत्रीको नाममा सेस्ता कायम रहेको कित्ता नं ७१ क्षेत्रफल २९४५ बाट पश्चिम तर्फको जग्गा ५०० वर्ग मिटर तालिकाँडा स्वास्थ्य चौकीको नाममा रजिष्ट्रेसन पास गर्नका लागि स्वास्थ्य चौकी प्रमुख श्रि मनमाया गुरुङ्गलाई अख्तियारी प्रदान गर्दै भुमि व्यवस्था सहकारी तथा गरीबी निवारण मन्त्रालय तथा मालपोत कार्यालय दैलेखमा सिफारीस गरी पठाउने गर्ने निर्णय गरियो।

**निर्णय नं. ८)**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा कार्यालयको च.नं. १४३४, मिति २०८३/०१/२४ को पत्र साथ संलग्न गरी सम्मानित उच्च अदालत सुर्खेतमा पठाइएको गाउँ कार्यपालिकाको माइन्युट थान १ लगायतका सक्कल कागजातहरु फिर्ता गर्न सम्मानित उच्च अदालत सुर्खेतलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ९)**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा भौगोलिक विकटता र जेष्ठ नागरिकहरुलाई प्रतिकुल हुने रानीमताको हावापानीको कारण आ.व. २०७९/०८० देखि प्रभु बैंक गुराँस शाखा र गाउँपालिकाको समन्वयमा वडास्तरीय घुम्ती शिविर मार्फत वितरण भै रहेको सामाजिक सुरक्षा भत्ता वितरणको कार्य रोकिंएको हुँदा पुनः सुचारु गर्न गाउँपालिकाको तर्फबाट पहल गर्ने र चालु आर्थिक वर्ष देखि लागू हुने गरी शिविरमा खटिने बैंक कर्मचारी, सुरक्षाकर्मी र पालिकाका कर्मचारीलाई नियमानुसारको भत्ता र यातायातको साधन पालिकाबाट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १०)**

प्रस्ताव नं. १० विविध माथि छलफल गर्दा (क) यसै बैठकको निर्णय नं. ४ (सि.नं.३) को कार्यान्वयनका लागि मालपोत तथा नापी कार्यालय लगायतका कार्यालयहरुलाई गुराँस गाउँपालिका भित्रको सार्वजनिक जग्गा, ऐलानी तथा वन क्षेत्र समेतको नाप नक्साङ्कन तथा विवरण समेत माग गर्ने निर्णय गरियो।

(ख) गाउँपालिकालाई विपक्षी बनाई दैलेख जिल्ला अदालतमा दायर भएको मुद्दा (मुद्दा नं. ०८१-CP-०१४४) को मिसिल कागजात प्रतिलिपि माग गरि ल्याउने निर्णय गरियो।

टोप बहादुर बि.सी.
अध्यक्ष

CamScanner

(ग) मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८३/०८४ मा कार्यान्वयन हुने गरि वडागत रुपमा छनोट गरि पठाइएका देहायका आयोजना छनोट तथा सिफारिस गरि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेतमा पठाउने निर्णय गरियो।

<u>तपसिल</u>

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | विषय क्षेत्र |
|---|---|---|---|
| १ | पिपल चौतारा देखि कर्णाली दोभानसम्म पदमार्ग लगायत वडा कार्यालय चौतारा निर्माण | १ | पदमार्ग |
| २ | वन समिति भवन देखि वडा कार्यालय सम्म सिंढी निर्माण | २ | पर्यटन पूर्वाधार निर्माण |
| ३ | पातिकाल्ला खुम भु-संरक्षण तथा जाली व्यवस्थापन | ३ | तटबन्धन, नदी नियन्त्रण तथा भू-संरक्षण |
| ४ | पेटारी टोलमा एक घर एक धारा निर्माण | ४ | खानेपानी |
| ५ | डाँडा पोखरा लामातठा गोरेटो बाटो (पद मार्ग) | ५ | पदमार्ग |
| ६ | एक घर एक सिंचाइ पोखरी | ६ | सिंचाइ |
| ७ | मर्खे खानेपानी योजना निर्माण तथा मर्मत | ७ | खानेपानी |
| ८ | भैंसी र जर्सी गाइपालक कृषकको भकारो सुधार योजना | ८ | कृषि वन, कृषि उत्पादन/ संकलन/प्रशोधन |

गुराँस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रानीमत्ता, दैलेख कर्णाली प्रदेश नेपाल

CamScanner